अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	देवेन्द्रमणी त्रिपाठीसमेत (वि.अ. को मु.नं. ०७८-CR-००२३), वि.अ. को फैसला मिति २०८०।११।२२	रकम हिनामिना गरी भ्रष्टाचार गरेको	बिद्यालयकोष संचालनका जिम्मेवार पदाधिकारी तथा संयुक्त हस्ताक्षरकर्ता तत्कालिन प्रधानाध्यापक देवेन्द्र मणि त्रिपाठी र लेखापाल/कार्यालय सहायक असर्फी यादवले गरेको हिनामिनाको कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुर भएको देखिन आएकोले श्री अनिरुद्र पब्लिक माध्यमिक विद्यालय, यशोधरा गाउँपालिका-५, बैदौली, कपिलबस्तुका तत्कालिन प्रधानाध्यापक देवेन्द्र मणि त्रिपाठी र तत्कालिन लेखापाल असर्फी यादव समेतलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ले निर्देश गरे बमोजिम ऐ ऐनको दफा ३को उपदफा (१)को खण्ड (ङ)बमोजिम रु. ७,८२,६५१।६० विगो कायम गरी सजाय हुन र ऐ ऐनको दफा १७ बमोजिम प्रतिबादीहरुले हिनामिना गरेको बिगो निजहरुबाटै असुल उपर हुन मागदावी लिईएको अवस्था देखिन्छ ।	विशेष अदालतले गरेको फैसलाको संक्षिप्त व्यहोरा :- प्रस्तुत मुद्दामा प्रतिवादी मध्ये असर्फी यादव र अर्का प्रतिवादी देवेन्द्रमणी त्रिपाठी निज प्रतिवादीहरु दुवैले आरोपदाबीबाट सफाई पाउने ठहर गरी विशेष अदालत काठमाण्डौवाट मिति २०८०।११।२१ मा फैसला भएको देखिन्छ । विशेष अदालत काठमाण्डौवाट प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी फैसला गर्दा लिएका आधारहरुः क) प्रस्तुत मुद्दामा प्रतिवादीहरुले रकम निकासा गरी व्यक्तिगत रुपमा लिए खाएको भन्ने नदेखिएको। ख) यी प्रतिवादीहरुको बदनियतपूर्वक वा लापरवाही गरी विद्यालयको रकम हिनामिना गरेको भन्न मिल्ने नदेखिएको। ग) प्रतिवादीहरु उपरको आरोपदावी शंकारहित तवरमा पुष्टि हुन सक्ने अवस्था नदेखिएको ।	विशेष विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला उपर श्री सम्मानित सर्वोच्च अदालत समक्ष पुनरावेदन गर्नुपर्ने आधार र कारणहरु (क) अनिरुद्र माध्यमिक विद्यालयबाट प्राप्त प.स. ०७७/७८ च.नं.६५ मिति २०७७/०७/०६ को पत्र र सो साथ प्राप्त अन्य कागजातहरुबाट बिद्यालय भवन निर्माणको जम्मा लागत रु४८,३७,९३०।–भएको र सो मध्ये भवन निर्माणको लागि रु ३१,७८,०००।- अनुदान प्राप्त भएको,बिद्यालयको रकम रु. १०,०९,९३०।- र विज्ञान प्रयोगशाला निर्माणको लागि प्राप्त अनुदान रु. ६,५०,०००।- रहेको अवस्था देखिन्छ। यशोधरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,कपिलवस्तुबाट प्राप्त मिति २०७५/११/२३को गोश्वारा भौचरले विज्ञान प्रयोगशाला निर्माणको लागि रु ६,५०,००० अनुदान निकासा दिएको देखिन्छ। अनिरुद्र माध्यमिक विद्यालयकोप.स. ०७७/७८ च.नं. (उल्लेख नभएको) मिति २०७७/१०/०९ को पत्रले गाँउपालिकाको कार्यालयबाट भएको भवनको एकमुष्ठ प्राबिधिक मुल्याङ्न प्रष्ट पारेको सो बमोजिम विद्यालय भवनको रु ३७,४४,९८५।९० मुल्याङ्न भएको र विद्यालयको अन्य निर्माण/मर्मतमा (मुल्याङ्नमा नआएको) ३,१०,२९२।५० खर्च भएको अवस्था देखिन्छ।कागज प्रमाणहरुबाट प्रतिबादीहरु देवेन्द्र मणि त्रिपाठी र लेखापाल/कार्यालय सहायक असर्फी यादव समेतले विज्ञान प्रयोगशाला निर्माण नगरेको तथा खर्च भएको भनिएको रु ४८,३७,९३०।-रकम विद्यालय भवनमा समेत प्रयोग भएको भन्ने नदेखिईरहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा २४ र दफा ५४ विपरित हुने गरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुर्टिपूर्ण भई बदरभागी रहेको छ । (ख) यशोधरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कपिलवस्तुबाट आ.व. ०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार,सर्त,आधार,निर्माण नगरी नै मिति २०७५/११/२३ गते विज्ञान प्रयोगशाला व्यवस्थापनको लागि श्री अनिरुद्र पब्लिक माध्यमिक विद्यालय, यशोधरा गाउँपालिका-५, बैदौली, कपिलवस्तुलाई सिधै रु.६,५०,०००।- विद्यालयको खातामा निकासा गरेको र सो रकम निकासा भइसकेपछि उक्त विद्यालयका तत्कालिन प्रधानाध्यापकले स्पष्ट आधार विना विद्यालय व्यवस्थापन समितिको निर्णय नभईखर्च गरेको भन्ने देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी यी प्रतिवादीहरुको बदनियतपूर्वक वा लापरवाही गरी विद्यालयको रकम हिनामिना गरेको भन्न मिल्ने नदेखिएको भन्ने आधार ग्रहण गरी प्रतिवादीहरुलाई आरोप दाबी नै सफाई दिने गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

					(ग) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ [1] मा कुनै राष्ट्र सेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापबाही वा बदनियत गरी हिनामिना, हनि नोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजको कसूरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुल उपर गरिनेछ"। भन्ने कानुनी प्रावधान रहेको देखिन्छ। प्रतिवादीहरु बिद्यालय कोष संचालनका जिम्मेवार पदाधिकारी रहेको साथै निजहरुको संयुक्त हस्ताक्षरबाट खाता संचालन गर्ने गरेको पनि देखिन्छ। विज्ञान प्रयोगशाला निर्माणको लागि आएको अनुदान रकम सोही शिर्षकमा खर्च गर्नु पर्नेमा त्यसरी खर्च गरेको पनि नदेखिएको साथै अनुदान रकम रकमान्तर गरी खर्च गर्दा विद्यालय ब्यवस्थापन समितिको सहमती तथा अनुदान दाताको स्वीकृति लिनु पर्नेमा सो तर्फ वेवास्ता गरी विज्ञान प्रयोगशालाको रकम मौखिक सहमतीमा भवन निर्माणमा खर्च गरेको भन्ने प्रतिवादीहरुले जिकिर लिएकै भरमा प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई दिनेगरी भएको फैसला त्रुर्टिपूर्ण रहेकोले वदरभागी छ । (घ) (घ) प्रतिवादी देवेन्द्रमणीको अनुसन्धानको बयानको सवाल जवाफ नं. ८ मा विज्ञान प्रयोगशालामा खर्च भएको छैन भनी स्वीकार गरेको अवस्था छ साथै सो भवन निर्माण खर्च मध्ये रु. ७,८२,६५१।६० (सात लाख बयासी हजार छ सय एकाउन्न रुपैयाँ साठी पैसा) रकमको औचित्य पुष्टि गर्न नसकेको हुँदा तत्कालिन प्रधानाध्यापक देवेन्द्रमणी त्रिपाठी र लेखापाल/कार्यालय सहायक असर्फी यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको देखिरहेको अवस्थामा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम रु. ७,८२,६५१।६० (सात लाख बयासी हजार छ सय एकाउन्न रुपैयाँ साठी पैसा) बिगो कायम गरी सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम प्रतिबादीहरुले हिनामिना गरेको बिगो निजहरुबाटै असुल उपर गरी सजाय गर्नुपर्नेमा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी छ ।

[1] भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७